
मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २४ गते आइतबार ❑ 8 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीका तीन वटै क्षेत्रमा रास्वपा विजयी

पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन

लामो समयदेखि नेकपा एमालेको प्रभाव क्षेत्र मानिँदै आएको कास्कीमा यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बलियो उपस्थिति देखाएको छ।







कास्कीका ३ वटै निर्वाचन क्षेत्र १, २ र ३ मा रास्वपाका उम्मेदवारहरू फराकिलो मतान्तरसहित विजयी हुँदै पार्टीले वर्चस्व कायम गर्न सफल भएको हो।

कास्की क्षेत्र नम्बर-१ मा रास्वपाका उम्मेदवार खड्कराज (गनेस) पौडेल ३९ हजार ८८३ मत प्राप्त गर्दै विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका तिलकबहादुर रानाभाटले ११ हजार २१४ मत प्राप्त गरे। यस्तै, नेकपा (एमाले) का वैनबहादुर अधिकारी क्षेत्रीले १० हजार ४२९ र नेपाली कम्युनिष्ट पार्टीका राजकाजी गुरुङले दुई हजार ४७९ मत प्राप्त गर्नुभयो। यस क्षेत्रमा कुल ७० हजार २३६ मत खसेको थियो भने पौडेलले रानाभाटलाई करिब २८ हजारभन्दा बढी मतान्तरले पराजित गरेका हुन्।

विजयी पौडेल पोखरा-१४ मझेरीपाटनका लेखक, शिक्षक तथा सामाजिक अभियन्ता हुन्। अंग्रेजी साहित्यमा स्नातक तथा पोखरा विश्वविद्यालयबाट एमबिए गरेका उनले १५ वर्षभन्दा बढी समय शिक्षण पेशामा बिताएका छन्। उनी रास्वपाका केन्द्रीय सदस्यसमेत हुन्।

यसैगरी, कास्की क्षेत्र नम्बर-२ मा पनि रास्वपाले प्रभावशाली जित निकालेको छ। रास्वपाका उत्तमप्रसाद पौडेल ३१ हजार ९११ मत प्राप्त गर्दै विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका रश्मि आचार्यले ७ हजार ४९३ मत प्राप्त गरे। यस क्षेत्रमा पौडेलले आचार्यलाई २४ हजार ४१८ मतान्तरले पछि पार्दै जित हासिल गरेका हुन्। कास्की-२ मा नेपाली कांग्रेसका माधवप्रसाद बास्तोला ६ हजार ५०० मतसहित तेस्रो स्थानमा रहे। राप्रपाका हेमजङ गुरुङ १ हजार ६ सय ४३ मतसहित चौथो भए भने नेकपाका हेमबहादुर थापा पराजुलीले १ हजार २ सय ७६ मत, यसै गरी उज्यालो नेपाल पार्टीका कुशल गुरुङले एक हजार २०१ मत प्राप्त गरेका छन्। यस क्षेत्रमा कुल ५२ हजार ९ सयभन्दा बढी मत खसेको थियो। कास्की क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का बिना गुरुङ विजयी बन्नुभएको छ। गण्डकी प्रदेशबाटै प्रतिनिधिसभा सदस्यमा एकमात्र महिला उम्मेदवार वीना गुरुङ राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित हुनुभएको छ। समाजसेवा र व्यवसायबाट राजनीतिमा लाग्नुभएकी वीना कास्की निर्वाचन क्षेत्र नं ३ बाट लोकप्रिय मतसहित निर्वाचित हुनुभएको हो। गुरुङले ३७ हजार ७५० मत सहित विजयी बन्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालय कास्कीले जनाएको छ।

निर्वाचनमा नेपाली कांग्रेसका मनोज गुरुङ १२ हजार ७८० मत सहित दोस्रो बन्नुभयो भने नेकपा (एमाले)का दामोदर बैरागी सात हजार ९०६ मत सहित तेस्रो बन्नुभएको छ। त्यस्तै निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टीका गोपाल गिरीले एक हजार ४५६ मत, राष्ट्रिय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्राप्त जनमतले मुलुकलाई नयाँ दिशातर्फ लैजान्छ : डा. वाग्ले

पोखरापत्र संवाददाता
दमौली, २३ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति एवं तनहुँ क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले प्राप्त जनमतले मुलुकलाई नयाँ दिशातर्फ लैजाने बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि शनिबार यहाँ कार्यकर्तामाझ संक्षिप्त सम्बोधन गर्दै उहाँले जनताले दिएको अभिमतलाई शिरोधार्य गरेर अगाडि बढ्ने र जनताको भरोसालाई टुट्न नदिने बताउनुभयो।

डा वाग्लेले भन्नुभयो, "जिम्मेवारी ठूलो छ। तनहुँ त आफ्नै ठाउँ भइहाल्यो, दुई पटक यहाँबाठ विजयी गराइदिनुभयो, त्यसको महत्त्व, आशा र भरोसालाई लत्याउने छैन। यहाँका जनताले शिर निहुराउन नपर्ने गरी काम गर्नेछु।"

प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा शनिबार बिहान सम्पन्न मतगणनाअनुसार ३८ हजार ४० मत प्राप्त गरी वाग्ले विजयी हुनुभएको हो। उहाँका प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका गोविन्द भट्टराईले १६ हजार २३१ मत प्राप्त गर्नुभएको छ। यस्तै नेकपा (एमाले)का भगवती न्यौपानेले पाँच हजार आठ सय ३० मत र नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकालले दुई हजार तीन सय ९३ मत प्राप्त गर्नुभएको छ। यस निर्वाचन क्षेत्रमा एक लाख २६ हजार आठ सय ८२ मतदाता रहेकामा ६८ हजार एक सय २९ मत खसेको थियो। डा वाग्ले तनहुँ क्षेत्र नम्बर १ मा दोस्रो पटक निर्वाचित हुनुभएको हो।

विसं २०८० वैशाख १० गते सम्पन्न उपनिर्वाचनमा डा. वाग्ले ३४ हजार नौ सय ११ मत प्राप्त गरी विजयी हुनुभएको थियो। त्यतिबेला पनि उहाँका प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका गोविन्द भट्टराई हुनुहुन्थ्यो। भट्टराईले २० हजार एक सय २२ मत प्राप्त गर्नुभएको थियो। विसं २०३१ मा गोरखाको बुङ्कोटमा जन्मिनुभएका डा वाग्ले विसं २०८० वैशाखमा भएको उपनिर्वाचनमा तनहुँ क्षेत्र नम्बरबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो।

राष्ट्रिय योजनाको आयोगको सदस्य, उपाध्यक्षका रूपमा काम गर्नुभएका वाग्लेले युनडिपी एशिया प्रशान्तका प्रमुख आर्थिक सल्लाहकारको रूपमा काम गर्नुभएको अनुभव छ। लण्डन स्कुल अफ इकोनमिक्स, हावर्ड विश्वविद्यालय र अष्ट्रेलियन नेशनल विश्वविद्यालयबाट उच्च शिक्षा प्राप्त गर्नुभएका वाग्ले विसं २०७१ मा नेपाल फर्किनुभएको थियो। वाग्ले नेपालका चर्चित अर्थशास्त्री, नीतिविज्ञ हुनुहुन्छ। उहाँ आर्थिक नीति, विकास योजना र सार्वजनिक नीतिमा गहिरो अध्ययन र अनुभव भएका व्यक्तिका रूपमा परिचित हुनुहुन्छ।

## सरकारले अभिभारा पूरा गरेको छ, जिम्मेवारी हस्तान्तरण गर्न आतुर छौँ: गृहमन्त्री

रासस
काठमाडौं, २३ फागुन

गत भदौमा भएको जेनजी आन्दोलनपछि गठन भएको सरकारको एउटा मात्रै जिम्मेवारी थियो, आवधिक निर्वाचन। छोटो समयमा निर्वाचन गर्ने जिम्मेवारीका साथ गठन भएको सरकारमा गृहमन्त्रालयको जिम्मेवारीमा आउनुभएको थियो, ओमप्रकाश अर्याल।



जेनजी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरु पनि लुटिएका थिए। राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो। सुरक्षा मुख्य चुनौती थियो। आम मानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैन भन्ने संशय थियो।

अन्ततः समयमै शान्तिपूर्ण रुपमा निर्वाचन भयो। बिहीबार निर्वाचनको जिम्मेवारी पूरा गरेपछि गृहमन्त्री अर्यालले भन्नुभयो, "एउटा महत्वपूर्ण जिम्मेवारी पूरा भयो, नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ।" निर्वाचन सम्पन्न भएपछि शुक्रबार दिनभर जसो मन्त्री अर्यालले धन्यवाद तथा शुभकामनाका कैयौँ फोनकल, सन्देश प्राप्त गरिरहनुभयो। मन्त्रालयमै आएर बधाई दिनेहरुको संख्या पनि बाक्लो थियो। उहाँले शुभचिन्तकलाई भन्नुभयो, "आजबाट जिम्मेवारीको भारी बिसाएर हल्का महसुस भएको छ। मतपरिणामपछि नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर फर्किन आतुर छौँ।"

उहाँले यसका लागि प्रधानमन्त्री सुशीला कार्कीप्रति विशेष आभार व्यक्त गर्नुभयो। साथै निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने गृहसचिव, मन्त्रालयका महाशाखा प्रमुखसहित सुरक्षा निकायका उच्च अधिकारीलाई धन्यवाद दिनुभयो। "निजामति प्रशासनलाई सधै दोष दिने गरिएको छ, त्यो मात्रै साँचो होइन, निजामतिको साथमै काम फत्ते भएका छन् खाली नेतृत्व कस्ले कसरी गरेको छ भन्ने महत्वपूर्ण कुरा हो", गृहमन्त्री अर्यालले भन्नुभयो।

गृहमन्त्री अर्याल छ महिनाभित्र निर्वाचन गरेर मुलुकलाई निकास दिने दायित्वमा कहिल्यै बिमुख हुनुभएन। उहाँले भन्नुभयो, "गृहमन्त्रालय 'पावर एक्सरसाइज' गर्ने मन्त्रालय भन्थे मैले नेतृत्व सम्हाल्दाको अनुभवमा यो त शान्ति मन्त्रालयको भूमिकाजस्तो देखियो। परिस्थितिलाई काबुबाहिर जान नदिन अपनाउनुपर्ने संयमता र मन्त्रालयको मुख्य जिम्मेवारीबाट कहिल्यै बिचलित भइन र निरन्तर आफ्नो इमानन्दारिताको अभ्यास गरे।"

राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको उहाँको बुझाइ छ। अहिले देशभर मतगणना कार्य जारी छ। केही क्षेत्रको नतिजा पनि आइसकेको छ। लोकतान्त्रिक प्रकृयाको महत्वपूर्ण अभ्यासको रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै उहाँले यस निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवम् नेपाली जनताले प्राप्त गरेको हक अधिकारको संस्थागत गर्नमा महत्वपूर्ण उपलब्धी हासिल भएको उल्लेख गर्नुभयो। अर्यालले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको उल्लेख गर्नुभएको। उहाँले निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिनुभएको छ।

गृहमन्त्री अर्यालले सुरक्षा चुनौतीलाई आफूहरुले नजिकबाट नियालेर सोही अनुसार व्यवस्थापन गरिएको बताउनुभयो। उहाँले थप्नुभयो, "यहाँ तपाईंहरुले निर्देशन दिने गृहमन्त्री र निर्देशन पालना गर्ने कर्मचारी एवं सुरक्षाकर्मीहरू भेट्नुहुन्न' निर्देशनमुखी कार्यशैली फेरेर सामूहिक निर्णय गर्ने अभ्यास कार्यान्वयन भएको छ। आवश्यक कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिहरू सबै बसेर सामूहिक सरसल्लाह गर्छौं र आवश्यक निर्णय लिन्छौं।"

गत पुसमा मधेशमा देखिएका साम्प्रदायिक हिंसाका केही छुटपुट घटना भए। ती समस्याको पनि समयमै समाधान नगरिएको भए निर्वाचनको माहोल बिगार्न सक्थयो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सबै क्षेत्रमा मतगणना सुरु, ८३ क्षेत्रको परिणाम सार्वजनिक

**रासस**
काठमाडौं, २३ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत देशका सबै १६५ क्षेत्रमै पहिलो हुने निर्वाचित हुने तर्फको मतगणना सुरु भएको छ।

निर्वाचन आयोगका अनुसार उच्च हिमाली क्षेत्रका मतपेटिका हेलिकप्टरबाट ढुवानी गर्न मौसमले साथ नदिएपछि केही क्षेत्रको मतगणना सुरु गर्न ढिलाइ भएको थियो । पछिल्लोपटक हेलिकप्टरबाट ढुवानी गरिएका सङ्खुवासभारगोरखाकोमतगणना शनिबार बिहानदेखि सुरु भइसकेको छ । यसैगरी मुगुमा मानिसले बोकेर मतपेटिका ढुवानी गरेपछि दिउँसो ४:०० बजेदेखि सुरु भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो।

निर्वाचन आयोगका अनुसार यो समाचार तयार पार्दाम्म विभिन्न ८३ वटा निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ६७, नेपाली कांग्रेस नौ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) दुई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र स्वतन्त्र उम्मेदवार एक/एक जना विजयी हुनुभएको छ। यो अवधिसम्ममा निर्वाचित उम्मेदवारमध्ये रास्वपाका अधिकांश उम्मेदवार ठूलो मतान्तरले विजयी भएका छन् । आयोगको प्रणालीमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रविष्टि गर्न प्राविधिक समस्याका कारण केही ढिलाइ समेत हुने गरेको छ। प्रत्यक्षतर्फ मतगणना सकिएका क्षेत्रमा समानुपातिकमा पनि गणना सुरु भएको छ । समानुपातिकतर्फ हालसम्म तीन लाख ७० हजार मतगणना भई त्यसको विवरण आयोगको प्रणालीमा प्रविष्टि भएको सहायक प्रवक्ता जिसीले जानकारी दिनुभयो।

प्रत्यक्षतर्फ आइतबार बेलुकीसम्म १६५ वटै निर्वाचन क्षेत्रको मत परिणाम सार्वजनिक हुने गरी गणना भइरहेको आयोगले जनाएको छ।

# तनहुँ–२ मा रास्वपाका न्यौपाने विजयी

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ फागुन



तनहुँ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार श्रीराम न्यौपाने विजयी हुनुभएको छ।

शनिबार साँझ सम्पन्न मतगणना अनुसार ३२ हजार छ सय ८७ मत प्राप्त गरी न्यौपाने निर्वाचित हुनुभएको छ।

निर्वाचन अधिकृत भेषराज पौडेलका अनुसार प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका शङ्कर भण्डारीले १४ हजार एक सय ३४ प्राप्त गर्नुभएको छ। यस्तै, नेकपा (एमाले)का केदार सिग्देलले ११ हजार छ सय ६८ र नेपाली कम्युनिष्ट पार्टीका सोमबहादुर थापाले एक हजार नौ सय ५३ मत प्राप्त गर्नुभएको छ । यस क्षेत्रमा कुल एक लाख २७ हजार ५१५ मतदाता रहेकामा ६३ हजार १८६ मत खसेका थिए । यहाँ क्षेत्र नं १ बाट रास्वपाका उपसभापति डा स्वर्णिम वाग्ले निर्वाचित भइसक्नुभएको छ।

# मनाङको थप पर्यटन र पूर्वाधार विकासमा मेरो प्राथमिकता रहन्छ : नवनिर्वाचित सांसद गुरुङ

**रासस**
मनाङ, २३ फागुन



नवनिर्वाचित प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङ मनाङको समग्र उन्नयनमा आफूले पहिलो प्राथमिकता दिने बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएपछि उहाँले आफूलाई अमूल्य मतदान गरि विजयी गराउनुहुने सबै मतदातालाई विशेष धन्यवाद समेत दिनुभयो । बिहीबार सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काङ्ग्रेसका उम्मेदवार गुरुङ दुई हजार ४१५ मत प्राप्त गरी विजयी हुनुभएको छ । उहाँको प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का यशोदा सुवेदी गुरुङले ४५४ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ (नवीन)ले नौ मत पाउनुभएको छ। यहाँ कूल सात हजार मतदातामध्ये दुई हजार ९२३ मत खसेको र ४५ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले जानकारी दिनुभयो । जिल्ला कूल मतदाता सात हजार रहेका छन् । अस्थायीसहित २ ९ मतदान केन्द्रमार्फत मतदाताले मतदान गरेका थिए। जिल्लाको विकासमा सक्रिय रहँदै उहाँ पर्यटन र पूर्वाधार विकाससँगै राजनितिक प्रतिनिधित्व गर्नुहुन्छ।

विसं २०११ मङ्सिर ११ गते मनाङ डिस्याङ गाउँपालिका-८ टङ्की मनाङमा उहाँको जन्म भएकोथियो । ७१ वर्षीय नेता गुरुङ पार्टीका पाका नेताको रुपमा परिचित हुनुहुन्छ। मनाङको पूर्वाधार, पर्यटन, उर्जा क्षेत्रमा विकासमा उहाँको विशेष योगदान रहेको छ। विसं २०७० मा दोस्रो संविधानसभा निर्वाचनमा पनि गुरुङ निर्वाचित हुनुभएको थियो । उहाँ विसं २०७४ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेकपा (एमाले) का पोल्देन छोपाङ गुरुङसँग २८९ मतले पराजित हुनुभएको थियो। त्यसपछि उहाँ पुनः विसं २०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा निर्वाचित हुनुभएको थियो । नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा विसं २०७० फागुन १३ गतेदेखि विसं २०७२ पुस ९ गतेसम्म श्रम तथा रोजगार राज्यमन्त्रीसमेत बन्नुभएको थियो। विसं २०३६ सालमा वीपी कोइरालाबाट नेपाली कांग्रेसको सदस्यता लिएर राजनीतिमा प्रवेश गर्नुभएका नेपाली कांग्रेस मनाङका नेता एवं पूर्व जिल्ला सभापति टेकबहादुर गुरुङ हुनुभएको थियो।

# स्याङ्‌जा–१ मा रास्वपाका रेग्मी विजयी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ फागुन



स्याङ्जा क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टीका डा धनञ्जय रेग्मी विजयी हुनुभएको छ।

शनिबार बिहान सम्पन्न अन्तिम मतगणनाबाट रास्वपा उम्मेदवार रेग्मीले २९ हजार ७१ मत प्राप्त गरी विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका भरतराज ढकाल १० हजार २१४ मतान्तरले पराजित हुनुभयो । उहाँले १८ हजार ८५७ मत प्राप्त गर्नुभयो।

नेकपा (एमाले) का मीनप्रसाद गुरुङ तेस्रो हुनुभएको छ। उहाँले १६ हजार ८०४ मत प्राप्त गर्नुभएको हो । स्याङ्जा क्षेत्र नं १ मा ७० हजार ९४४ मत खसेको थियो । जसमध्ये ६८ हजार ३६ मत सदर हुँदा दुई हजार ९०८ मत बदर भएको थियो।

# समानुपातिकतर्फ १२ लाख ५५ हजार मतगणना

**रासस**
काठमाडौं, २३ फागुन

समानुपातिक निर्वाचन प्रणालीतर्फ हालसम्म कुल १२ लाख ५५ हजार ४८२ मतगणना भएको छ।

निर्वाचन आयोगले उपलब्ध गराएको विवरणअनुसार समानुपातिकतर्फको मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टीको अग्रता कायम छ।

सो दलले हालसम्म कुल ६ लाख ४३ हजार ७५६ मत प्राप्त गरेको छ।

यस्तै, नेपाली कांग्रेसले दुई लाख १५ हजार २३१, नेकपा (एमाले)ले एक लाख ७२ हजार ४५९, नेपाली कम्युनिष्ट पार्टीले ८३ हजार ८५६, राष्ट्रिय प्रजातन्त्र पार्टीले ४६ हजार ३७०, श्रम संस्कृति पार्टीले २२ हजार ३८२, राष्ट्रिय परिवर्तन पार्टीले १७ हजार ५८, जनता समाजवादी पार्टीले पाँच हजार ३१७ र एकल चिह्न चकिया (जाँतो)ले पाँच हजार ८३ मत प्राप्त गरेको छ।

# विजयी जुलुस नगर्न रास्वपाको आग्रह

**रासस**
काठमाडौं, २३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवम् सङ्घीय निर्वाचन सम्पादन समिति संयोजक डिपी अर्यालले रास्वपाबाट निर्वाचित हुने उम्मेदवार तथा पार्टीका शुभचिन्तकलाई विजयी र्‍याली ननिकाल्न आग्रह गर्नुभएको छ।

शनिबार एक भिडियो सन्देश जारी गर्दै उहाँले निर्वाचित हुने उम्मेदवारसँग अबिर जात्रा गर्ने, रमाइलो गर्ने, खुसी साटासाट गर्ने तथा र्‍याली गर्ने धेरैको चाहना भए पनि यो विजयी जुलुस निकाल्ने समय नभएको बताउनुभयो।

यस पटकको निर्वाचन आउनुमा जेनजी उमेर समूहका नानीबाबुहरुको ज्यान गुमाएको पीडा हामीबाट नसेलाएको उल्लेख गर्दै उहाँले मध्यपूर्वमा केही समय अघिदेखि भइरहेको घटनाका कारण पनि विजयी जुलुस ननिकाल्न आग्रह गर्नुभयो।

"हामीलाई जनताले सरकार बनाउन र जनताका लागि काम गर्नका लागि दिएको कार्यादेश हो, त्यसैले हामीले जनताका लागि काम गरेपछि मतदाताहरुसँग घरदैलो गर्ने नै छौँ", उहाँले भन्नुभयो। अर्यालले मतगणना स्थलमा मात्रै शुभेच्छुकलाई धन्यवाद दिन आग्रह गर्नुभयो। यसै गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन परिणामलाई लिएर विभिन्न तह र सामाजिक सञ्जाललगायत माध्यमबाट टीकाटिप्पणी नगर्न सम्पूर्ण पार्टीपङ्क्तिमा आग्रह गरेको छ।

सो पार्टीको केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले शनिबारविज्ञप्ति जारी गर्दै जनताको अभिमतलाई उच्च मूल्याङ्कन गरी पूर्ण विश्वासकासाथ जवाफदेहीपूर्ण कार्यसम्पादन गर्न अनुरोध गर्नुभएको हो।

"निर्वाचनको पूर्ण परिणाम आउन अझै केही समय धैर्य गर्नुपर्ने देखिन्छ । यसै सन्दर्भमा पार्टीका सम्पूर्ण जिम्मेवार सदस्यलाई धैर्यपूर्वक अन्तिम परिणामको प्रतीक्षा गर्न आयोग हार्दिक अनुरोध गर्दछ", विज्ञप्तिमा भनिएको छ, "निर्वाचनको यस घडीमा त्यस्ता गतिविधि भए गरेको कहीँकतै भेटिएमा पार्टीको विधान, कार्यविधि, आचारसंहिताका आधारमा कारबाही हुनेतर्फ आयोग सबैलाई सचेत गराउँदछ।"

पार्टीको निर्देशनविपरीत कुनै किसिमका गतिविधि नगर्न पार्टीपङ्क्तिलगायत सम्पूर्णमा अनुरोध गरिएको छ।


## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर् वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।
नि:शुल्क, अनिवार्य, समान पहुँचयुक्त र
समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कास्कीका...

प्रजातन्त्र पार्टीका अर्जुनप्रसाद खनालले एक हजार ४०६ मत, श्रम संस्कृति पार्टीका हितकाजी गुरुङले ५८६, उज्यालो नेपाल पार्टीका तर्कबहादुर गुरुङले ४६२ मत प्राप्त गर्नुभएको छ।

यसपटकको परिणामले एमालेको गड मानिँदै आएको कास्कीमा नयाँ राजनीतिक सन्देश दिएको विश्लेषण गरिएको छ। परम्परागत रूपमा एमाले बलियो मानिने यस जिल्लामा रास्वपाले तिनै क्षेत्रमा भारी मतान्तरसहित जित निकाल्दै आफ्नो प्रभाव विस्तार गरेको छ।

कास्कीका निर्वाचन परिणामले जिल्लामा रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो र नेकपा एमाले तेस्रो शक्तिका रूपमा देखिएको छ । २०७९ मा कास्कीका ३ वटै निर्वाचन क्षेत्रका एमालेका उम्मेदवारहरु विजयी हुनु भएको थियो।

# इरान आक्रमणमा ज्यान गुमाएका श्रेष्ठको शव नेपाल ल्याइयो

**रासस**
गोरखा, २३ फागुन

संयुक्त अरब इमिरेट्सको अबुधाबीमा इरानको आक्रमणमा परी ज्यान गुमाएका गोरखाको भीमसेन थापा गाउँपालिका-७ बोर्लाङ ठाँटीका दिवस श्रेष्ठको शव शनिबार नेपाल ल्याएर अन्येष्टी गरिएको छ।

नेपाली दूतावास अबुधाबीको पहलमा एयर अरेबियाको उडानमार्फत श्रेष्ठको शव नेपाल ल्याइएको हो।

मृतकको शव पशुपति आर्यघाटमा आजै अत्येष्टी गरिएको भीमसेन थापा-७ का वडाध्यक्ष नारायण श्रेष्ठले जानकारी दिनुभयो । उनन्तिस वर्षीय श्रेष्ठको अबुधाबीस्थित जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा परी गएको आइतबार निधन भएको थियो।

अबुधाबीमा रहेको मिडिल इष्ट कम्पनीमा सुरक्षागार्डका रूपमा कार्यरत श्रेष्ठ तीनवर्ष अघि वैदेशिक रोजगारीको सिलसिलामा त्यहाँ जानुभएको थियो।

गत असोजमा नेपाल आएर उहाँ पुनःदुबई फर्कनुभएको थियो । मृतक श्रेष्ठको बुवा, आमा र एक बहिनी छन्।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# शान्तिपूर्ण मतदान

प्रतिनिधि सभा सदस्यका लागि बिहीबार देशभरि एकै चरणमा आमनिर्वाचन सम्पन्न भएको छ । अनेकौं आशंका चिर्दै मतदान स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण भएको छ। मुलुकलाई नयाँ निकास दिनको लागि जनताले मतदान गरे । यो निर्वाचनको परिणामले मुलुकमा विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढङ्गले परिभाषित गर्ने अपेक्षा गरिएको छ । मुलुकमा व्याप्त भ्रष्टाचार अन्त्य गर्दै सुशासनका लागि गत भदौ २३ र २४ गते नवयुवा (जेनजी) पुस्ताले गरेको आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले यो निर्वाचन गराएको हो । विषम परिस्थितिमा राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधान न्यायाधीश कार्कीलाई भदौ २७ गते अन्तरिम प्रधानमन्त्री बनाएका थिए ।

अन्तरिम सरकारलाई फागुन २१ मा आमनिर्वाचन गर्न कार्यादेश थियो । सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चार माध्यम र सम्बन्धित निकाय सबैको अथक र सकारात्मक प्रयासले यो ऐतिहासिक निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको छ । यसका लागि अहोरात्र खटिएको सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, सञ्चारकर्मी तथा पर्यवेक्षकको योगदान प्रशंसनीय छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार नै निर्वाचन हो । जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिले मुलुक खरानी अवस्थामा पुगेको र विश्वास टुटेको अवस्थाबाट उठेर छ महिनामा चुनाव गराउने कुरा निकै जोखिम र चुनौतीपूर्ण काम थियो । यसका लागि प्रधानमन्त्री कार्की अहोरात्र खटिएर निकै बुद्धिमत्तापूर्ण ढङ्गले सबै पक्षलाई विश्वासमा लिएर ऐतिहासिक काम गर्न सफल भएकी छन । त्यसैको परिणामस्वरूप यो निर्वाचन गराउन सम्भव भयो ।

प्रधानमन्त्री कार्कीले इतिहासकै कठिन मोडमा देशको पहिलो महिला प्रधानमन्त्रीको जिम्मेवारी समालेर देशलाई नेतृत्व र निकास दिन सफल भएकी विसं २०८४ का लागि निर्धारित आवधिक आमनिर्वाचन मुलुकको विशिष्ट परिस्थितिले दुई वर्षअघि नै सम्पन्न गरिएको हो । व्यवस्थापिका संसद्का दुई सदनमध्ये २७५ सदस्यीय तल्लो सदन प्रतिनिधि सभाको सम्पन्न यस निर्वाचनबाट प्रत्यक्ष मतदान प्रणाली अन्तर्गत १६५ जना सदस्य निर्वाचित हुँदै छन् भने ११० जना समानुपातिक प्रतिनिधित्वबाट छानिँदै छन् । निर्वाचन आयोगका अनुसार यस पटक मतदाताको सत्र्या एक करोड ८९ लाख तीन हजार ६८९ रहेका थिए । त्यसमध्ये पुरुष मतदाता ९६ लाख ६३ हजार ३५८, महिला मतदाता ९२ लाख ४० हजार १३१ र अन्य दुई सय जना छन् । निर्वाचनमा ६८ वटा राजनीतिक दलले भाग लिएका छन् । देशभरि तीन हजार ४०५ उम्मेदवार छन् । तीमध्ये १२ सयभन्दा बढी स्वतन्त्र उम्मेदवार छन् । उम्मेदवारमध्ये तीन हजार १६ जना पुरुष र ३८८ जना महिला उम्मेदवार छन् ।

प्रतिस्पर्धामा काङ्ग्रेस, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कम्युनिस्ट पार्टीलगायत छन् । यीमध्ये रास्वपा दोस्रो पालि निर्वाचनमा सहभागी भएको हो । त्यसबाहेक कुलमान घिसिङको उज्यालो नेपाल पार्टी, हर्क साम्पाङको श्रम संस्कृति पार्टीलगायत दलहरू यसपालि पहिलो पटक निर्वाचनमा सहभागी भएका छन् ।

आयोगले प्रत्यक्ष निर्वाचित १६५ सिटको मतपेटिका सङ्कलन भएको २४ घण्टाभित्र निर्वाचन परिणाम सार्वजनिक गर्ने प्रतिबद्धता जनाएको छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले करिब ६० प्रतिशत मतदान भएको जानकारी दिएका छन। प्रत्यक्ष र समानुपातिक दुवैतर्फका सबै मतपरिणाम फागुन २५ सम्म आउने सम्भावना छ । यसअघि २०७९ सालमा भएको चुनावमा अन्तिम परिणाम आउन दुई साताभन्दा बढी समय लागेको थियो । निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीका ७५ हजार, नेपाली सेनाका ७९ हजार, सशस्त्र प्रहरीका साढे ३४ हजार, राष्ट्रिय अनुसन्धान विभागका एक हजार ९२१ जना र निर्वाचन प्रहरीका रूपमा एक लाख ४९ हजार सुरक्षाकर्मी खटिएका छन् । आयोगले निर्वाचनको अन्तिम परिणाम राष्ट्रपतिसमक्ष प्रस्तुत गरेपछि सरकार बनाउन राष्ट्रपतिबाट आह्वान हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय महिला आयोगले मनायो २४औँ स्थापना दिवस

**रासस**
काठमाडौं, २३ फागुन

राष्ट्रिय महिला आयोगले २४औँ स्थापना दिवस मनाएको छ । शनिबार यहाँ आयोगको स्थापना दिवस एवं ११६औँ अन्तराष्ट्रिय महिला दिवस (मार्च ८)को शुभकामना आदानप्रदान कार्यक्रममा आयोजना गरियो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाको हक, अधिकार संरक्षणका लागि महिला आयोगले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभयो । उहाँले समाजमा विद्यमान रुढीवादी धारणा अझै रहेको र यस्ता विभेद हटाउँदै जानुपर्ने बताउनुभयो ।

आयोगकी अध्यक्ष कमला पराजुलीले स्थापना कालदेखि नै महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन तथा महिला सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको र यसलाई थप सशक्त बनाएर जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोगका सचिव शङ्कर हरि आचार्यले लैङ्गिक समानता प्रबर्द्धन, महिला सशक्तीकरण र हिंसा निवारणको क्षेत्रमा स्थापना कालदेखि नै आयोग क्रियाशील रहेको बताउनुभयो । उहाँले आयोगले लैङ्गिक हिंसापीडित एवं प्रभावितलाई उद्धार, राहत, निःशुल्क कानुनी सहायता, कानुनी परामर्श, पुनःस्थापना तथा क्षतिपूर्तिसहितको न्यायका लागि विशेष पहल गर्दै आएको बताउनुभयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सचिव राधिका अर्यालले मन्त्रालयले अयोगको निर्णय र काममा सदैव सहयोग रहने बताउनुभयो । उहाँले केन्द्रमा मात्र सीमित आयोग प्रदेशस्तरसम्म पुग्न सके यसका कामका दायरा अझै फराकिलो हुने भएकाले यस विषयमा सोच्नुपर्ने बेला आएको बताउनुभयो । विसं २०५८ फागुन २३ गते स्थापित आयोगले स्थापना दिवसको अवसरमा नेपालका प्रथम महिलाको विवरणसहितको वेबपोर्टल सार्वजनिक गरेको छ, जसमा शिक्षा, स्वास्थ्य, निजामति, सञ्चार, कला, साहित्य, वातावरण, पर्वतारोहण, हवाई, व्यवसाय, उद्यमशीलता गरी विविधि १८ विधामा विशिष्ट योगदान गरेका महिलाको प्रेरणादायी कथा समेटिएको छ ।

महिला आयोगले विगत आठ वर्षदेखि ‘११४५ हेल्पलाइन’ सेवा सञ्चालन गर्दे आएको छ । कार्यक्रममा विसं २०८२ श्रावणदेखि माघ महिनासम्मका घटना विवरणबारे जानकारी दिइएको थियो । उक्त अवधिमा उजुरी तथा मुद्दा सङ्ख्यात्मक रूपमा घरेलु हिंसाका मुद्दा २३४, महिलाका हकअधिकार हननका पाँच, ठाडो उजुरीका निवेदन ८९ वटा रहेका छन् ।

# बागलुङ–१ रास्वपाका खड्का विजयी

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ फागुन

बागलुङ क्षेत्र नम्बर-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सुशिल खड्का विजयी हुनुभएको छ ।

सुरुआती चरणबाटै मतान्तर बढाउँदै लगेका खड्काले प्रतिस्पर्धी कांग्रेसका भीम श्रीसलाई आठ हजार ९८३ मतले पछाडि पार्दै विजयी हुनुभएको छ ।

बागलुङ क्षेत्र नम्बर १ मा खसेको जम्मा ४८ हजार ९३२ मतमा रास्वपाका खड्काले २० हजार ९२७ मत प्राप्त गर्नुभएको थियो । यस्तै नेपाली कांग्रेसका श्रीसले ११ हजार ९४४ मत प्राप्त गर्नुभएको छ । यस्तै एमालेका



हीराबहादुर केसीले आठ हजार ६४० मत प्राप्त गर्नुभएको छ ।

यस्तै राजमोका कृष्ण अधिकारीले चार हजार ५२१ मत र राप्रपाका कल्याणविक्रम आचार्यले ५२३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय बागलुङका सहायक निर्वाचन अधिकृत पूर्णप्रसाद शर्माले जानकारी दिनुभयो ।

# लमजुङमा रास्वपाका केसी विजयी

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत लमजुङमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का धर्मराज केसी विजयी हुनुभएको छ ।

मुख्य निर्वाचन कार्यालय लमजुङका मुख्य निर्वाचन अधिकृत शिशिरराज ढकालका अनुसार केसीले ३३ हजार ८९८ मत प्राप्त गर्नुभयो । नेकपा (एमाले)का पृथ्वीसुब्बा गुरुङले



१६ हजार ८७६, नेपाली कांग्रेसका गमप्रसाद गुरुङले १६ हजार ५६९ र नेपाली कम्युनिष्ट पार्टीका हरिजङ्ग तामाङले तीन हजार ३७१ मत प्राप्त गर्नुभयो ।

कुल एक लाख ३७ हजार १२४ मतदाता रहेको जिल्लामा ७५ हजार ४६० मत खसेको छ ।

# बागलुङ–२ मा रास्वपाका शर्मा विजयी

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ फागुन

बागलुङ क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सोम शर्मा विजयी हुनुभएको छ । उहाँले १२ हजार ६४७ मत प्राप्त गर्नुभएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

उहाँका निकटतम प्रतिस्प्रर्धी नेपाली कांग्रेसका टेकराज पौडेलले ११ हजार ८६८ मत प्राप्त गर्नुभएको छ । एमालेकी मञ्जु चालिसेले सात हजार ८६४ र नेपाली कम्युनिष्ट पार्टीका ज्ञामनाथ गैरेले १० हजार ७०९ मत प्राप्त गर्नु भएको छ ।

# पर्वतमा रास्वपा उम्मेदवार भुसाल विजयी

**पोखरापत्र संवाददाता**
पर्वत, २३ फागुन

पर्वतमा प्रत्यक्षतर्फको मतगणना सम्पन्न भएको छ । शनिबार बिहान सम्पन्न अन्तिम मत परिणामअनुसार रास्वपाका उम्मेदवार सागर भुसाल २६ हजार ५६१ मत प्राप्त गरी विजयी हुनुभएको छ । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीभन्दा १० हजार ६०७ मतको फराकिलो अन्तरमा विजयी हुनुभएको निर्वाचन आयोगले जनाएको छ ।

कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीले १५ हजार ९५४ मत प्राप्त गर्दा नेकपा (एमाले) का उम्मेदवार पदम गिरीले १५ हजार ७५ मत प्राप्त गर्नुभएको छ ।

पर्वतमा प्रतिनिधिसभा सदस्यका लागि चार स्वतन्त्रसहित १३ वटा राजनीतिक दलबाट गरी १७ जना उम्मेवार चुनावी मैदानमा होमिएका थिए ।

# गोरखा–१ मा मतगणना सुरु

**रासस**
गोरखा, २३ फागुन

प्र्रतिनिधिसभा सदस्यको निर्वाचनअन्तर्गत गोरखा क्षेत्र नं १ मा मतगणना सुरु भएको छ । भौगोलिक विकटताका कारण मतपेटिका सङ्कलनमा ढिलाइ हुँदा मतदान सम्पन्न भएको दुईदिनपछि मात्रै यसक्षेत्रको मतगणना सुरु भएको हो ।

जिल्ला समन्वय समितिमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा शनिबार मध्यान्ह १२ः३० बजेबाट मतगणना थालिएको मुख्यनिर्वाचन अधिकृत बिष्णुप्रसाद गौतमले जानकारी दिनुभयो । मतगणनाका लागि तारजालीसहितको सुरक्षा व्यवस्था मिलाइएको छ । गोरखा-१ मा एक स्वतन्त्रसहित १२ जना उम्मेद्वार चुनावी प्रतिस्पर्धामा रहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सुधन गुरुङले प्रारम्भिक अग्रता लिनुभएको छ । सुरुआती १९९ मतगणना हुँदा गुरुङले ९० मत प्राप्त गर्नुभएको छ । नेपाली कांग्रेसका प्रेमकुमार खत्रीले ४७ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका हरिराज अधिकारीले ३४ मत प्राप्त गर्नुभएको छ । त्यस्तै नेकपा (एमाले)का रामचन्द्र लामिछानेले सात मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# ढोरपाटनमा दादुरा फैलिएपछि विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ फागुन

बागलुङको विकट गाउँ ढोरपाटनमा दादुरा सङ्क्रमण फैलिएपछि पालिकाभरका विद्यालय बन्द गरिएको छ । ढोरपाटन नगरपालिका ७, ८ र ९ वडाका बोबाङ, सेरावाङ र लाकुरीबोट गाउँमा दादुरा फैलिएको छ ।

यस क्षेत्रका ५० जनामा दादुरासँग मिल्दोजुल्दो लक्षण देखिनुका साथै २२ जनाको बुर्तिबाङ अस्पताल उपचार भइरहेकाले थप सर्तकता अपनाउनका लागि फागुन २७ गतेसम्म बिद्यालय बन्द गरिएको ढोरपाटन नगरपालिकाका नगर शिक्षा अधिकारी पुष्पक दाहालले जानकारी दिनुभयो ।

दादुराको सङ्क्रमण बढेकाले ढोरपाटन नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरिएको हो । स्वास्थ्यकर्मीले सङ्कलन गरेको पाँच वटा स्वाब परीक्षण गर्दा दादुरा सङ्क्रमण पुष्टि भएको दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार ५० जना बालबालिकामा दादुरासँग मिल्दोजुल्दो लक्षण देखिएको छ ।

सङ्क्रमण थप फैलिन नदिन नगरपालिकाले उच्च सतर्कता अपनाउन र दादुराको लक्षण देखिए अस्पताल आउन आग्रह गरेको छ । नगरपालिकाले अभिभावक तथा विद्यार्थीलाई स्वास्थ्य सतर्कता अपनाउन र सङ्क्रमणबाट जोगिन आवश्यक सावधानी अपनाउन पनि आग्रह गरेको छ ।

# अटो दुर्घटना हुँदा चार जनाको मृत्यु, एक घाइते

**रासस**
चितवन, २३ फागुन

जिल्लाको कालिका नगरपालिका-९ दब्यटारस्थित भित्री सडकखण्डमा अटो दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार उपरदानगढीबाट शक्तिखोरतर्फ आउँदै गरेको बागमती प्रदेश ०६-००१ ह ०३१५ नम्बरको अटो शनिबार आफैं अनियन्त्रित भई नालामा पल्टिँदा दुर्घटना भएको हो ।

दुर्घटनामा अटो चालक राप्ती नगरपालिका-९ का ३९ वर्षीय पूर्ण विकसहित राप्ती नगरपालिका-८ की ५६ वर्षीया विष्णुकुमारी तामाङ, राप्ती नगरपालिका-९ की २२ वर्षीया बिनि तामाङ र सोही स्थानकी अन्दाजी ५६ वर्षीया तिलक तामाङको उपचारका क्रममा भरतपुरस्थित पुरानो मेडिकल कलेजमा आज साँझ मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रविन्द्र खनालले जानकारी दिनुभयो । दुर्घटनामा परी घाइते राप्ती नगरपालिका-९ की ५३ वर्षीया चिनीकुमारी गुरुङको सोही अस्पतालमा उपचार भइरहेको छ ।

# नेपाल आँखा अस्पताललाई ‘बेखानारायण देवकुमारी राष्ट्रिय प्रतिभा पुरस्कार’

**रासस**
काठमाडौं, २३ फागुन

नेपाल आँखा अस्पताल त्रिपुरेश्वरलाई यस वर्षको बेखानारायण देवकुमारी राष्ट्रिय प्रतिभा पुरस्कारद्वारा सम्मानित गरिएको छ ।

केन्द्रीय मानन्धर सङ्घ नेपालको ७३औं स्थापना दिवसको अवसरमा आज यहाँ आयोजित एक कार्यक्रममा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोल, प्रा जगदिश नारायण मानन्धरले आँखा अस्पताल त्रिपुरेश्वरका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंलाई उक्त पुरस्कार हस्तान्तरण गर्नुभयो । बाउन्न वर्षअघि नेपालमा पहिलो आँखा अस्पतालको रूपमा स्थापित उक्त अस्पतालले स्थापनाकालदेखि समुदायलाई गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको योगदानस्वरूप सम्मान गरिएको हो ।

अस्पतालमा हाल १६ जना पूर्णकालीन नेत्र विशेषज्ञ र चार जना ‘फेलो नेत्र विशेषज्ञ’ समेत गरी १५० जना कार्यरत छन् । अस्पतालले दिएको जानकारीअनुसार त्यहाँ बहिरङ्ग सेवामा वार्षिक करिब दुई लाख बिरामीको उपचार र १५ हजारभन्दा बढीको आँखाको शल्यक्रिया गरिन्छ । अस्पतालले सामुदायिक आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत वर्षैभरी निःशुल्क आँखा परीक्षण, निःशुल्क मोतियाबिन्दुको शल्यक्रिया शिविर, विद्यालयस्तरीय दृष्टि परीक्षण तथा चस्मा वितरण र डायबेटिक रेटिनोपेथी परीक्षण तथा छनौट शिविर सञ्चालन गर्दै आइरहेको छ ।

# एक लेखक गनेस पौडेलको संसदीय यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

साहित्यिक वृत्तमा परिचित नाम हो, गनेस पौडल । खास नाम 'खडगराज' भए पनि उहाँलाई धेरैले गनेस भनेर चिन्छन् । उहाँ लेखक मात्र नभएर पठन संस्कृतिका प्रवर्द्धकसमेत हुनुहुन्छ । पौडेलको परिचय अब यत्तिमा मात्र सीमित रहेन । प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्की-१ बाट विजयी भएसँगै अब उहाँको परिचयमा 'सांसद्' थपिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पौडेल ३९ हजार ८८३ मतसहित विजयी हुनुभएको हो । पोखरामा बसेर साहित्य लेखन, पठन संस्कृतिको प्रवर्द्धनसँगै सामाजिक मुद्दामा पैरवी गर्दै आउनुभएका उहाँले अन्ततः आफूलाई राजनीतिमा समाहित गर्नुभएको छ । पोखरा महानगरपालिका-१४ मझेरीपाटनका पौडेलले सक्रिय राजनीतिमा आउन चाहेको भने विसं २०७९ देखि नै हो । स्थानीय तहको चुनावलाई निर्दलीय बनाउनुपर्ने एजेण्डासहित विसं २०७९ को स्थानीय तह चुनावमा उहाँ पोखरा महानगरपालिकाको



प्रमुख पदमा उम्मेदवार बन्नुभएको थियो । त्यो बेला 'लौरो' चिह्न लिएर चुनाव लड्नुभएका उहाँले पाँच हजार १२८ मत ल्याएर पराजित हुनुपरेको थियो ।

पौडेलले दलीय एकाधिकार, भ्रष्टचार र बेथितिविरुद्ध ' अटेरी अभियान' सञ्चालन गर्नुभएको थियो । उक्त चुनावमा पोखरासहित देशका विभिन्न स्थानीय तहमा 'अटेरी अभियान' का सदस्यले उम्मेदवारी दिएका थिए ।

स्थानीय तह चुनावमा स्वतन्त्र उम्मेदवारी दिनुभएका पौडेल यसपटक प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने राजनीतिक दलबाटै उम्मेदवार बनेर विजयी हुनुभएको हो । निर्वाचित भएपछि रास्वपाका केन्द्रीय सदस्य उहाँले आफूले मतदाताको माग र आकङ्क्षालाई नीतिगत तहबाट सम्बोधन गर्ने बताउनुभयो । "रास्वपाले अहिले पाएको मत आशाको मत हो, मतदाताले हामीप्रति भरोसा गरेर मत दिएका छन्", पौडेलले भन्नुभयो, "मतदाताको आशालाई निराशामा बदलिन दिनुहुँदैन, दिँदैनौँ ।" पौडेलले 'जेनजी' आन्दोलनमा युवा पुस्ताबाट प्रकट भएको आकङ्क्षालाई लिपिबद्ध गर्न र आन्दोलनका मागलाई नीतिगत तहमा लैजान आफूले भूमिका खेल्ने बताउनुभयो । नीति निर्माणसँगै स्थानीय विकासका मुद्दामा प्राथमिकता छुट्टाएर काम गर्ने उहाँको भनाइ छ । पौडेल वातावरण, सम्पदा, कला, संस्कृतिको संरक्षणका मुद्दालाई विभिन्न माध्यमबाट प्रखर उठाउँदै आउनुभएको छ । विसं २०७४ मा पहिलो उपन्यास कृति 'पैताला'बाट लेखकका रूपमा उदाउनुभएका उहाँ अखबारी लेखनमा उत्तिकै सिद्धहस्त हुनुहुन्छ । विश्वप्रसिद्ध लेखक जोन स्टेनबेकको पुस्तक 'अफ् माइस एण्ड मेन' को नेपाली संस्करण 'मुसा मानुष' पनि पौडेलद्वारा अनुदित कृति हो । पौडेल पोखरामा पठन संस्कृतिको विकासका लागि स्थापित 'र्‍यान्डम रिडर्स सोसाइटी अफ् नेपाल'को परिकल्पनाकारसमेत हुनुहुन्छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रभावित क्षेत्रका नागरिकका सरोकारका विषय उठानमा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । विसं २०३६ मा पोखरा महानगरपालिका-१४ मझेरीपाटनमा जन्मनुभएका पौडेलले पोखरा विश्वविद्यालयबाट एमबिए र त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्नातक गर्नुभएको छ । उहाँसँग शिक्षण पेसाको अनुभव पनि छ । कास्की-१ मा उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका तिलक रानाभाटले ११ हजार २१४, नेकपा (एमाले) का वैनबहादुर अधिकारी क्षेत्रीले १० हजार ४२९ र नेपाली कम्युनिष्ट पार्टीका राजकाजी गुरुङले दुई हजार ४७९ मत ल्याउनुभएको छ ।

# म्याग्दीमा स्वतन्त्र उम्मेदवार महाविर पुनको निर्वाचित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ फागुन

म्याग्दीबाट निवर्तमान शिक्षा विज्ञान तथा प्रविधिमन्त्री डा महाविर पुन प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचित हुनुभएको छ ।

बाइस हजार ८५० मतका साथ पुन निर्वाचित हुनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले जानकारी दिनुभयो ।



नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले छ हजार ८८४ र नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापाले तीन हजार ५२९ मत प्राप्त गर्नुभएको छ । बिहीबार भएको मतदानमा म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता रहेकोमा ४६ हजार २१५ मत खसेको थियो ।

# चितवन-२ मा रास्वपा सभापति लामिछाने विजयी

**पोखरापत्र संवाददाता**
चितवन, २३ फागुन

चितवन क्षेत्र नं २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विजयी हुनुभएको छ । उहाँले ५४ हजार ४०२ मत प्राप्त गर्नुभयो ।

नेपाली कांग्रेसकी उम्मेदवार मीनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गर्नुभएको छ ।

यस्तै नेकपा (एमाले)का अस्मिन घिमिरेले छ हजार ९९२ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका प्रताप गुरुङले चार हजार ४६९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत केदारनाथ पौडेलले जानकारी दिनुभयो ।

लामिछानेले यसअघि विसं २०८० मा भएको उपनिर्वाचनमा ५४ हजार १७६ मत प्राप्त गर्नुभएको थियो । यस्तै सो समयमा नेपाली कांग्रेसका उम्मेदवारले ११ हजार २१४ मत र एमालेका उम्मेदवारले १० हजार ९३६ मत प्राप्त गर्नुभएको थियो ।



यस निर्वाचन क्षेत्रमा कूल एक लाख ३७ हजार १५२ मतदाता भएकामा मत ८७ हजार २२१ खसेको थियो । यस निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्रसमेत गरी जम्मा २३ जना प्रत्यासी हुनुहुन्थ्यो ।

लामिछानेलेजनभावनाअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

चितवन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि प्रमुख निर्वाचन अधिकृतबाट विजयी भएको प्रमाणपत्र लिएपछि पत्रकारहरूसँग सङ्क्षिप्त कुरा गर्दै उहाँले राष्ट्र निर्माणलाई केन्द्रमा राखेर काम गर्ने बताउनुभयो ।

जनताले दिएको जिम्मेवारी पूरा गर्न सजिलो नभएको भन्दै उहाँले लोकतन्त्रमा फरक मतको सम्मान गर्दै अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी मात्तिएर होइन संयमित भएर काम गर्नुपर्छ । प्रतिपक्षलाई होच्च्याउनु हुँदैन । लोकतन्त्रमा फरक मतको सम्मान गर्नुपर्छ ।"

# उत्तरी गोरखाका सबै मतपेटिका हेलिकप्टरबाट सदरमुकाम ल्याइयो

**पोखरापत्र संवाददाता**
गोरखा, २३ फागुन

गोरखा क्षेत्र नम्बर १ अन्तर्गत उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाका सबै मतपेटिका शनिबार सदरमुकाम ल्याइएको छ ।

बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत बाँकी १४ वटा मतदान केन्द्रको मतपेटिका पनि सदरमुकाम ल्याई पुऱ्याइएको गोरखाका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो । चुमनुब्री गाउँपालिका वडा नं २ ल्हो, वडा



नं ३ सिर्दिबास, वडा नं ४ प्रोक र वडा नं ५ विहीको मतपेटिका बिहान ल्याइएको हो । भौगोलिक विकटताका कारण चुमनुब्रीका २३ वटा मतदान केन्द्रको मतपेटिका हेलिकप्टरबाट ल्याउनुपर्ने बाध्यता थियो । "हिजो नै ती मतपेटिका ल्याउने तयारी भए पनि मौसम खराबीका कारण सकिएको थिएन", उहाँले भन्नुभयो, "आज बिहान मौसम खुलेसँगै सेनाको हेलिकप्टरले बाँकी रहेको सबै मतपेटिका सदरमुकाम ल्याएको हो ।" यसअघि शुक्रबार सेनाको हेलिकप्टरले नौ वटा मतदान केन्द्रको मतपेटिका ल्याएको थियो । गोरखा क्षेत्र नम्बर १ को मतपेटिका सङ्कलनको काम सम्पन्न भएसँगै शनिबार नै मतगणना अगाडि बढाउने तयारी भएको उहाँले बताउनुभयो ।

# प्रधानमन्त्री कार्की र संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपतिबीच टेलिफोन संवाद

**रासस**
काठमाडौं, २३ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले शनिबार अपराह्न संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति हिज हाइनेस शेख मोहमद बिन जायद अल नाह्यानसँग टेलिफोन संवाद गर्नुभएको छ ।

संवादका क्रममा प्रधानमन्त्री कार्कीले युएईको सार्वभौम क्षेत्रमा नागरिक पूर्वाधारलाई लक्षित गरी गरिएका आक्रमणहरूको निन्दा गर्दै यस विषम परिस्थितिमा संयुक्त अरब इमिरेट्सलाई नेपालका तर्फबाट ऐक्यबद्धता व्यक्त गर्नुभयो ।

उहाँले यस परिस्थितिमा सम्बन्धित सबै पक्षहरूलाई अधिकतम संयम अपनाउन, तनावलाई थप नबढाउन र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गर्नुभएको छ । युद्ध कहिल्यै शान्तिको विकल्प हुन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले कूटनीति र संवादको माध्यमबाट मात्र दिगो शान्ति सम्भव हुने बताउनुभएको र परिस्थिति सकेसम्म चाँडो सामान्य अवस्थामा फर्कने अपेक्षा व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले सार्वजनिक सुरक्षा सुनिश्चित गरेकामा र त्यहाँ काम



गर्ने तथा बसोबास गर्ने नेपाली नागरिकसहित सबै बासिन्दा, आगन्तुक र ट्रान्जिटमा रहेका मानिसको समान रूपमा हेरचाह गरेकामा युएई सरकारप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । १ मार्च २०२६ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्युटीको क्रममा एक नेपाली नागरिकले आफ्नो अमूल्य जीवन गुमाएको थाहा पाउँदा आफूलाई धेरै दुःख लागेको उहाँले बताउनुभएको थियो । साथै ५ मार्च २०२६ मा अबुधाबीको आइसिएडी क्षेत्रमा २ जना नेपाली घाइते भएको जानकारी पाउँदा चिन्ता लागेको प्रधानमन्त्री कार्कीले बताउनुभयो । त्यस अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति र विकासलाई प्रवर्द्धन गर्न क्षेत्रीय तथा वैश्विक कूटनीतिक प्रयासमा गरेको निरन्तर योगदानप्रति युएईका राष्ट्रपतिको कुशल नेतृत्वको उच्च प्रशंसा गर्नुभयो । आगामी वर्षहरूमा आर्थिक साझेदारी र जनता-जनताबीचको सम्बन्धलाई थप बलियो बनाउँदै हाम्रो द्विपक्षीय सम्बन्ध थप विस्तारित र सुदृढ हुँदै जाने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री कार्कीले महामहिम राष्ट्रपति, युएई सरकार र युएई जनतालाई यस क्षेत्रमा दिगो शान्ति सुनिश्चित गर्न सफलता मिलोस् भनी नेपालको तर्फबाट शुभकामना व्यक्त गर्नुभयो । उहाँले पवित्र रमजानको अवसरमा शान्ति, न्याय र सद्भावको लागि समेत हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

टेलिफोन संवादका क्रममा उहाँले हालको तनावको अवस्था लामो समयसम्म नरहने र अन्ततः नयाँ कूटनीतिको लागि ठाउँ उपलब्ध गराउने विश्वास व्यक्त गर्दै नेपाल वर्तमान तनावको प्रत्यक्ष पक्ष नभए पनि यसको परिणाम भोगिरहेको बताउनुभयो । प्रधानमन्त्री कार्कीले तत्कालका लागि नेपाली नागरिकहरूको सुरक्षा चिन्ता र दीर्घकालीन रूपमा बढ्दो इन्धनको मूल्य, लगानी प्रवाहमा संकुचन र बढ्दो मुद्रास्फीतिसहित व्यापक आर्थिक दबाबहरूको सामना गरिरहनुपरेको बताउनुभयो । ट्रान्जिटमा रहेका यात्रुहरू बिस्तारै नेपाल वा तेस्रो देशहरूमा आ-आफ्ना गन्तव्यहरूमा सुरक्षित रूपमा प्रस्थान गर्न सक्ने कुरामा पनि उहाँले विश्वास व्यक्त गर्नुभयो ।

युएईका राष्ट्रपतिले यस विषम परिस्थितिमा नेपालले एक असल मित्रराष्ट्रको रूपमा प्रस्तुत गरेको ऐक्यबद्धता र सहानुभूतिप्रति युएईको तर्फबाट प्रधानमन्त्री कार्कीलाई धन्यवाद व्यक्त गर्नुभएको प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ ।

युएईका राष्ट्रपति एक जना नेपालीले ड्युटीमा रहेका बखत २०२६ मार्च १ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा भएको घटनामा परी ज्यान गुमाउनु परेकामा गहिरो दुःख व्यक्त गर्दै समवेदना प्रकट गर्नुभयो । उहाँले नेपाल र युएईबीच कायम रही आएको सुमधुर र मित्रवत् सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्दै नेपालीको मेहनती बानी र असल आचरणको प्रशंसा गर्नुभयो । यसका साथै संवादका क्रममा युएईका राष्ट्रपतिले दुवै मुलुकका राजदूतहरूले नेपाली नागरिकको सुरक्षा तथा हित संरक्षणका लागि सक्दो प्रयास गरिरहेको बताउनुभयो । साथै नेपालीको सुरक्षाको प्रत्याभूतिका लागि सबै किसिमको पहल गर्न आफू तत्पर रहेको उहाँले विश्वास दिलाउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि.सं. १९८७/०८/१२ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८२/११/१३ गते**

**स्व. सानुमाया कर्माचार्य**

पोखरा नयाँबजार नेवाः कल्याणकारी समाजका संरक्षक श्री चन्द्रकृष्ण कर्माचार्य, श्री गोविन्द प्रसाद कर्माचार्य र श्री हरि प्रसाद कर्माचार्यको ममतामयी आमा **सानुमाया कर्माचार्य**को ९५ वर्षको उमेरमा भएको असामयिक निधनले हाम्रो समाजलाई ठूलो क्षति पुगेको छ । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं । शोकमा डुबेका परिवारमा धैर्य धारणा गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामना गर्दछौं ।

**नयाँबजार नेवाः कल्याणकारी समाज**
**पोखरा महानगरपालिका वडा नं. ९**
**नयाँबजार, पोखरा**